# गैंडाकोट राजपत्र


| खण्ड :०९ | संख्या : ०२ | मिति :- २०८३/०३/२२ |
|---|---|---|


## भाग - ०२

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको **निर्देशिका** सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०८३

प्रमाणीकरण मितिः २०८३/०३/२२

प्रस्तावनाः

गैंडाकोट नगरपालिका क्षेत्र भित्र प्रारम्भिक बाल कक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुई भन्दा बढी विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ज) र गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी गैंडाकोट नगरकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

**परिच्छेद- १**

**संक्षित नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका २०८३ रहेको छ।

(२) यो निर्देशिका गैंडाकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत गरी दुबै प्रकारका विद्यालयको हकमा लागू हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

(क) "नगरपालिका शिक्षा ऐन" भन्नाले गैंडाकोट नगरपालिकाको गैंडाकोट नगरपालिका शिक्षा ऐन २०७९ सम्झनु पर्दछ ।

(ख) "विद्यालय समायोजन" भन्नाले गैंडाकोट नगरपालिका शिक्षा ऐनको दफा २१ एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ज) अनुसार दुई वा दुई भन्दा बढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने, विद्यालय सार्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा तह मिलान गर्ने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ ।

(ग) "दरबन्दी मिलान" भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस निर्देशिका बमोजिम शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गरी शिक्षक दरवन्दी र शिक्षक सरुवा वा कामकाजमा खटाउने कार्य समेतलाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर शिक्षा समिति" भन्नाले गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९ दफा ९ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## विद्यालय समायोजन सम्वन्धी व्यवस्था

**३. विद्यालय समायोजन गर्ने कार्यविधिः**

(१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालय मध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुर्याएका तर आधारभूत विद्यालय (कक्षा १-३ वा १-५ वा १-८) विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पुरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी वा कक्षा घटाइ सञ्चालनमा ल्याईनेछ ।

(२) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागु हुनेछ ।

(३) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली र यस निर्देशिकाको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा भएमा नगरपालिकाले निर्णय प्रकृयामा सरलीकृत गर्नेछ ।

(४) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्नेछ ।

(५) नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गर्न सक्नेछ ।

(६) विद्यालय समायोजनका आधारहरूः (१) गैंडाकोट नगरपालिका शिक्षा ऐनको दफा २१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षा समितिले दुई वा दुई भन्दा वढी विद्यालय गाभ्न, गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउने कार्य स्थलगत अनुगमन गरि नगर शिक्षा समितिले गर्नेछ सोको अनुमोदन गैंडाकोट नगरकार्यपालिकाले गर्नेछ । बिद्यार्थी संख्याको लागि मुख्य आधार EMIS लाई बनाइने छ । अन्य आधारहरु देहाय बमोजिम हुनेछनः

(क) दुई वा सो भन्दा बढी विद्यालयहरू बीचको पैदल दुरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलोमिटर सम्म भई कक्षा १-५ सम्म सञ्चालनमा रहेको,

(ख) दुई वा सोभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको,

(ग) दुई वा सो भन्दा बढि विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित पहिलो चरणमा नगरपालिकाबाट १५ दिने सूचना प्रकाशन गरे अनुसार नगरपालिकामा निवेदन दिएमा,

(घ) कुनै विद्यालयमा तोकिएको सङ्ख्या भन्दा कम विद्यार्थी भई तिनीहरूको शिक्षाको लागि सबै विद्यार्थीहरुलाई गैंडाकोट नगरपालिकाले शिक्षा ऐनको दफा २१ बमोजिमको आवाशिय विद्यालयमा वा अन्यत्र कुनै विद्यालयमा अध्ययनको व्यवस्था मिलाएमा,

(ङ) नजिकको दूरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय,

(च) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको स्थानमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू,

(छ) भौगोलिक रूपले विकटता नभएको अवस्था,

(ज) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.स. | कक्षा | न्यूनतम विद्यार्थी सङख्या | कैफियत |
|---|---|---|---|
| १ | बालबिकास केन्द्र | १५ | |
| २ | १-३ | ४५ | |
| ३ | १-५ | ७५ | |
| ४ | ६-८ | ४५ | |
| ५ | ९-१० | ५० | संस्थागत ४० |
| ६ | ११-१२ | ५० | संस्थागत ४० |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टा भन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या पुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन र माथि उल्लेखित जुन सुकै आधारमा पनि विद्यालय समायोजन प्रकृया अगाडि बढाइनेछ । दोश्रो चरणमा विद्यालय समायोजन तथा दरवन्दी मिलान सुझाव समितिको सिफारिसमा तोकिएको आधार पुरा नगर्ने विद्यालयहरुको समायोजन नगर शिक्षा समितिले गर्नेछ ।

तर शैक्षिक बर्षको बिचमा विद्यालय समायोजन गर्दा प्रति विद्यालय १५ जना बिद्यार्थी भएमा सो शैक्षिक बर्ष भरि १ शिक्षक दरवन्दी उक्त विद्यालयमा कायम राखि अन्य दरवन्दी कटौति गरि शैक्षिक वर्षको शुरुमा पूर्ण समायोजन गरिनेछ ।

(७) विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि नगर शिक्षा समितिको सिफारिसमा मालपोत कार्यालयमा पठाउनु पर्नेछ।

(८) उपदफा (२) बमोजिम सम्पत्ति दाखेल खारेज भएको व्यहोराको जानकारी नगरपालिकाले शिक्षा, युवा तथा खेलकुद मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र समेतलाई जानकारी दिनु पर्नेछ।

(९) हाल समुदायमा सञ्चालनमा रहेका बालविकास केन्द्रहरुलाई नजिकको बालविकास केन्द्र नभएको विद्यालयमा नगर शिक्षा समितिले गाभ्ने वा स्थानान्तरण गर्न सक्नेछ। गाभिएको बालविकास केन्द्रमा काम गर्ने सहयोगी कार्यकर्ता स्वतः समायोजन हुने गरी व्यवस्थापन गरिने छ।

(१०) नगरपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित माग भै आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ। न्युनतम विद्यार्थी संख्या नभएका संस्थागत विद्यालयको तह वा कक्षा समेत नगर शिक्षा समितिले घटाउन सक्नेछ।

(११) स्व उत्प्रेरीत भै प्रथम चरणमा समायोजन हुने विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

**४. दरबन्दी मिलानका आधारहरुः**

(१) गैंडाकोट नगरपालिकाले प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम रुपमा प्रति कक्षा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा  विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाउनेछ। तर शिक्षक दरवन्दी नपुग हुने भएमा १-३ सञ्चालित विद्यालयको हकमा न्यूनतम २ र १-५ सञ्चालित विद्यालमा न्यूनतम ३ शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाइनेछ। शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान गरिनेछ र सोको लागि मुख्य आधार EMIS लाइ बनाइने छ। अन्य देहायका आधारहरु लिईनेछ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा,

(ख) दरबन्दी मिलानका लागि शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम हुनेछ।

| क्र.स. | कक्षा | शिक्षक बिद्यार्थी अनुपात सङख्या |
|---|---|---|
| १ | १-३ | २:४५,  सो भन्दा कम भएमा १ दरवन्दी<br>६० भन्दा बढी भएमा ३ दरवन्दी कायम गर्ने, |
| ३ | १-५ | ३:६०, सो भन्दा कम भएमा २ दरवन्दी<br>७५ भन्दा बढी भएमा ४ दरवन्दी कायम गर्ने,  १०० भन्दा बढी भएमा ५ दरवन्दी कायम गर्ने |
| ४ | ६-८ | न्युनतम ४<br>अंग्रेजी, गणित, बिज्ञान, नेपाली वा सामाजिक अनिवार्य |

| | | |
|---|---|---|
| ५ | ९-१० | न्युनतम ५<br>अंग्रेजी, गणित,बिज्ञान, नेपाली, सामाजिक वा ऐच्छिक विषय |
| ६ | ११-१२ | न्युनतम २<br>भाषा,  बिज्ञान र सामाजिक समूह  तथा ऐच्छिक विषय |

(२) दफा ४(१) मा जुनसुकै कुरा लेखिएता पनि विद्यालय समायोजन, गाभ्ने प्रकृया र कक्षा घट भै दरवन्दी पुलमा आउने भएमा प्रति कक्षा शिक्षक दरवन्दीको व्यबस्था गर्दै जाने र कक्षा १–५, कक्षा १–३ को हकमा माथी उल्लेख भए भन्दा थप दरवन्दी कायम गर्दा प्रति विद्यालयको हकमा ४५ जना बिद्यार्थी संख्याको आधार लिइनेछ ।

(३) प्रतेक वर्ष नगर शिक्षा समितिले दरवन्दी मिलान गरि शिक्षक सरुवा तथा काज खटाई व्यवस्थापन कार्य गर्नेछ, निशुल्क शिक्षा कार्यान्वयन गर्दा विद्यार्थी संख्याको आधारमा तिनै तहमा शिक्षक संख्या थप गर्न स्वयंसेवक शिक्षक परिचालन कार्यविधि निर्माण गरि कार्य अगाडी बढाइनेछ सो का लागि १:४५ शिक्षक विद्यार्थी अनुपात हुनेछ, निम्नमाध्यमिक र माध्यमिक तहमा विषयगत आधारमा समेत शिक्षक व्यवस्थापन र कक्षा ११–१२ मा पिरियडका आधारमा आंसिक शिक्षक परिचालन गरिनेछ ।

**५. शिक्षक व्यबस्थापनका आधारहरुः**

(१) शिक्षक व्यबस्थापनको कार्य देहाय बमोजिम हुनेछन ।

(क) सम्बन्धित विद्यालयमा थप वा रिक्त हुने भएमा सोहि विद्यालयमा व्यवस्थापन गर्ने, सम्बन्धित वडा भित्रै र नजिकको वडा र विद्यालयमा प्राथमिकता दिने र सो का लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी थप हुने विद्यालयमा रोज्न अवशर प्रदान गर्ने, समयावधि भित्र शिक्षकबाट निवेदन प्राप्त नभएमा आधारहरु बमोजिम नगरपालिकाले नै कार्य प्रकृया अगाडी बढाउने ।

तर तल्लो तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकबाट माथिल्लो कक्षा संचालन गर्नुपर्ने विद्यालयमा शिक्षक व्यबस्थापनको हकमा बिषयगत आवश्यकता र अन्य आवश्यकता समेतको आधारमा नगर शिक्षा समितिले शिक्षक सरुवा वा काज र प्रअ व्यवस्थापन समेत सिधै गर्न सक्नेछ ।

(ख) निम्न माध्यमिक र माध्यमिक तहमा व्यवस्थापन गर्दा सकेसम्म योग्यतालाइ प्राथमिकता दिने ।

(ग) शिक्षकको जुनियर सिनियरको गणना गर्दा दरवन्दी र राहतलाइ एउटै बास्केटमा राखी नियुक्ति मितिको आधारमा गरिने छ ।

(घ) स्थायी. अस्थायी र राहत अनुदान कोटाको हकमा पहिलो प्राथमिकतामा स्थायी शिक्षक रहने ।

(ङ) कुनै शिक्षक काजमा भएमा पहिला पदस्थापन गर्ने ।

(च) शिक्षक व्यबस्थापन गर्दा स्थायी वा अस्थायी जुनसुकै शिक्षक भएतापनि स्थानीयलाई प्राथमिकतामा राखिनेछ र दुवै स्थानिय भएमा नियुक्तिको जेष्ठता हेरिने छ, महिला र पुरुषमा महिलालाई प्राथमिकतामा राखिनेछ ।

(छ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

(ज) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा शिक्षक स्वयंको इच्छाले जान चाहेमा तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी मिलान गरिने छ।

(झ) शिक्षक सेवा आयोग नियमावली अनुसार योग्यता भएका शिक्षकलाई प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न र योग्यता नपुगेमा तहगत वरिष्ठताका आधारमा निमित्त प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई उत्तरदायी बनाइने छ। दरबन्दी मिलानका क्रममा समेत प्रधानाध्यापक व्यवस्थापनलाई जोड दिईनेछ।

**६. विद्यालय समायोजन, दरवन्दी मिलान र कक्षा पठन पाठन स्थगनका लागि सत्यापन, स्थलगत अनुगमन, मुल्यांकन र मस्यौदा तथा सुझाव समितिः**

(१) विद्यालय समायोजन, दरवन्दी मिलान र कक्षा पठनपाठन स्थगन कार्यको लागि आबश्यकता अनुसार सत्यापन, अनुगमन र मुल्यांकन एवम् आबश्यक गृहकार्य गरि मस्यौदा सहित सुझाव पेश गर्न देहाय बमोजिमको विद्यालय समायोजन तथा दरवन्दी मिलान सुझाव समिति रहनेछ।

(क) नगर शिक्षा अधिकारी - संयोजक
(ख) सामाजिक विकास समिति संयोजक- सदस्य
(ग) नगर शिक्षा समितिमा बिव्यस बाट प्रतिनिधित्व गर्ने एक जना – सदस्य
(घ) नगर शिक्षा समितिबाट नगर प्रमुखले तोकेका दुई जना – सदस्य
(ङ) शिक्षक महासंघबाट नगर शिक्षा समितिमा प्रतिनिधित्व गर्ने शिक्षक वा प्रअ– सदस्य
(च) शिक्षा अधिकृत- सदस्य सचिव

(२) दफा ६ (१) बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि आफै बनाउन सक्नेछ।

**७. विद्यार्थी तथा शिक्षक व्यवस्थापनका थप प्रकृयाः**

१. विद्यालयमा कक्षा पठनपाठन स्थगनका लागि विद्यालय समायोजन, दरवन्दी मिलान र कक्षा पठन पाठन स्थगनका लागि सत्यापन, स्थलगत अनुगमन, मुल्यांकन र मस्यौदा तथा सुझाव समितिले कक्षा पठनपाठन गर्न अपरिहार्य विद्यालयहरू पहिचान गर्ने,

२. पहिलो चरणमा कक्षा पठनपाठन स्थगन पश्चात विद्यार्थी र शिक्षक व्यस्थापन गर्ने विद्यालय पहिचान गर्ने र तत्काल समितिको सिफारिसमा नगरपालिकाले कामकाजमा खटाउने र दोस्रो चरणमा दरवन्दी मिलान गर्ने।

३. पुनः कक्षा सञ्चालन नभए सम्मका लागि कक्षा पठन पाठन स्थगन भएका विद्यालयका शिक्षक काम काजमा खटाउने विद्यालय सुनिश्चित गर्ने।

४. शिक्षक कामकाजमा खटाउदा क्रमशः राहात, अस्थायी दरवन्दी तथा कनिष्ट स्थायी शिक्षक खटाउने, तर विद्यालय र शिक्षकको सहमति जुटेमा जुनसुकै शिक्षक पनि खटाउन सकिने र स्थानीय शिक्षकलाई प्राथमिकतामा राख्ने र सो बमोजिमको प्राथामिकताका आधारमा सकभर पायक मिल्ने गरि कामकाजमा खटाउने।

५. यसरी कामकाजमा खटिने शिक्षकले जुन विद्यालयमा काम काजमा खटिएको हो सोही विद्यालयबाट तलब भत्ता पाउने व्यवस्था गर्ने।

**८. विद्यालयको स्तर वृद्धिका लागि हुने समायोजनः**

(१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पुरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः

(क) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र वडा समिति संगको सहकार्यमा प्रारम्भिक बाल विकास केन्दको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन्।

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन्।

(ग) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पुरा नभएका विद्यालयले कक्षा १-५ का रुपमा सञ्चालन हुन पाउनेछन्।

(घ) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधारहरु पुरा नभएका विद्यालयले आधारभुत विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन्।

(ङ) कक्षा ११-१२ सम्म अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन्।

**९. समायोजन हुने विद्यालयको नामाकरणः**

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानियता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ तर शिक्षा नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक वस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने व्यक्ति, स्मारक वा ऐतिहासिक वस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ।

(२) समायोजन हुने विद्यालयका सरोकारवाला समुदायले स्थानीय वडा समितिको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(३) समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ ।

## परिच्छेद- ३

## भौतिक, शैक्षिक व्यबस्थापन सम्बन्धी व्यवस्था

**१०. विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यबस्थापनः**

(१) विद्यालय समायोजन पछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

(२) विद्यालय समायोजन पछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि विद्यालय व्यवस्थापन समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ।

(३) विद्यालय समायोजन पछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले गाभिने विद्यालयमा योजना सहित पेश गर्नुपर्नेछ।

(४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफरिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ ।

**११. विद्यालय समायोजन पछि गर्नु पर्ने शैक्षिक व्यवस्थापनः**

(१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइए पछि विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा वा आवश्यकतानुसार कामकाज गर्न लगाउन वा सरुवा गर्न सकिने छ ।

(२) गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकता र दफा ४ र ५ मा भएको व्यवस्थाका आधारमा नगर शिक्षा समितिले पदस्थापना गर्नेछ ।

(३) विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या नगरपालिकाको पुलमा रहने छ । त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई नगरपालिकाभित्र नक्सांकनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पूर्वाधार पूरा भएको खण्डमा नगर शिक्षा समितिले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ ।

**१२. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापनः**

(क) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ । समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिनेछ । सो वडामा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फजिलमा रहेका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेजी हुनेछ ।

## परिच्छेद- ४
## विद्यालय समायोजन सम्बन्धी नगरपालिका अन्तर्गतका निकायहरूको काम

**१३. विद्यालय व्यवस्थापन समितिको काम:**

(१) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने र नगर शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।

**१४. नगर शिक्षा समितिको काम:**

(१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो नगरपालिका भित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

(२) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्बन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्ने ।

(३) विद्यालय व्यवस्थापन समिति र विद्यालयहरूसँग परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९ को दफा २१ र ३७ (च,छ) ले दिएको अधिकार प्रयोग गरी तथा यस निर्देशिकामा भएको व्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान कार्य गर्नेछ ।

## परिच्छेद- ५

## विविध

**१५. निर्देशिकामा संशोधनः** नगरकार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्नेछ ।

**१६. बाझिएमा गर्नेः** यस निर्देशिकाको व्यबस्था ऐन तथा नियमावलीसँग बाझिएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गैंडाकोट नगरपालिका शिक्षा ऐन, २०७९ बमोजिम भएको हुनेछ ।

**१७. बचाउः** हाल सम्म गैंडाकोट नगरपालिकाबाट भएको विद्यालय  समायोजन, दरवन्दी मिलान र शिक्षक व्यवस्थापन यसै निर्देशिका बमोजिम भएको हुनेछ ।

**१८. व्याख्याः** यस निर्देशिकामा भएका व्यवस्थाको अन्तिम व्याख्या गैंडाकोट नगर कार्यपालिकाबाट हुनेछ ।

आज्ञाले,
रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत